# निजगढ नगरपालिका

## नगर सभाको

## सोह्रौ अधिवेशन,

## २०८२

## नगरप्रमुख श्री सुरथ पूरीज्यूले

## प्रस्तुत गर्नु भएको

## आ.व. २०८२/८३ को

# नीति तथा कार्यक्रम

मितिः २०८२/०५/१९

यस नगरपालिकाकी नगर उपप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, नगर सभाका सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, संचारकर्मी मित्रहरु, लगायत सबैमा हार्दिक अभिवादन व्यक्त गर्दछु

१. निजगढ नगर नगरपालिकाको नगरसभाको सोहौ अधिवेसनको यस गरिमामय सभामा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरिहंदा म गौरवान्वित भएको छु । विभिन्न राजनैतिक आरोह / अवरोह पार गरेर अहिले हामी समृद्धि र समुन्नतिको यात्रामा अगाडि वढिरहेका छौ । नेपालको राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता, सम्वृद्धि, संघीय शासन प्रणाली स्थापित गर्न तथा मुलकमा जनताको सत्ता ल्याउनका लागि विभिन्न समयमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु ।यस अभियानमा भएका घाइते तथा अपाङ्गहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै यस महत्वपूर्ण अवसरमा, शहिद परिवार, निरन्तर लागिरहने योद्धाहरु, मुलुकको राजनीतिक, आर्थिक एवम् सामाजिक सबलिकरणका लागि नेतृत्वदायी भुमिका खेल्नुहुने राजनैतिक शिखर व्यक्तित्व एंव. अग्रज नेताहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

२. नेपालमा दशकौको संघर्ष र वलिदान पछि नेपाली जनताले आफैले चुनेका प्रतिनिधिहरुवाट संविधान निर्माण गरी आँफुले चाहेको शासन र विकासमा सहभागी हुने अवसर मिलेको छ । नागरीकले सजिलै भेट्न सक्ने पहुँचमा रहेको स्थानीय सरकार भएको हुंदा विकासमा नागरिकको सार्थक र जीवन्त सहभागिताको सुनिश्चितता गर्न सकिएको छ । नगरवासीहरुको दुःख र सुखमा साथ दिने साथी र सारथी हो भन्ने आभासका साथ हामीले स्थानीय श्रोत र साधनको पहिचान गरी अधिकतम उपयोगलाई सम्वोधन गर्ने कुरामा जोड दिने गरेका छौ । मानव जीवनमा गर्व देखि मृत्यु संस्कार सम्मको जीवनयापनमा सहयात्री वनेर नगरवासीलाई आइपरेका समस्या विसाउने र समाधानका उपायहरु खोजी गर्ने माध्यमको रुपमा कार्य गर्ने हाम्रो जिम्मेवारी रहेको छ ।

३. आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरी **"समृद्ध निजगढ नगर, सुखी नगरवासी"** वनाउने लक्ष्य सहित समृद्ध, समतामुलक, स्वच्छ हराभरा र विकसित नगरपालिकाको भावी तस्विरलाइ सामुन्नेमा राखेको छु । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभुति सवै नगरवासीले गर्न सकुन भन्नेमा हामीहरु अत्यन्त सचेत छौ । नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा सास्कृतिक विविधतालाइ आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि वढ्न स्थानीय सरकारको रुपमा दृढताको साथमा लागेको कुरा समेत अवगत गराउन चाहन्छु । **"जनप्रतिनीधिहरु शासक होइनन जनताका सेवक"** हुन भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, र सहयोगी सम्यन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाइ हामीले आफ्नो मार्गदर्शक सिद्धान्तको रुपमा ग्रहण गरेका छौ ।

४. विगतका वर्षहरुमा मानवीय संकटको रुपमा वा महामारीको रुपमा फैलिएको विभिन्न प्रकृतिका नयाँ नयाँ मानिस तथा पशुहरुमा लागेका रोगहरु, कृषी क्षेत्रमा बाली नालीमा देखिएको विभिन्न संकट र समस्याहरु होस वा अन्य प्राकृतिक प्रकोप र मानवीय दुर्घटना जस्ता क्षतीको कारण देशको सवै क्षेत्रमा गम्भिर असर परी दिर्घकालिन रुपमा एकै पटक मानवीय तथा आर्थिक संकटको सामना गरिरहनु परेको अवस्था छ । गत बर्ष असोज ११ र १२ गते गएको अविरल बर्षाको कारण देशको आर्थिक मानविय एव पूर्वाधार क्षेत्रहरुमा गरेको असरले समेत देशको विकास निर्माणमा प्रत्यक्ष असर गरिरहेको छ । उत्पादन, रोजगारी, व्यापार व्यवसाय ठप्प हुन गइ अनपेक्षित रुपमा राजश्व असुलीमा गम्भिर असर परेको छ जसको प्रत्यक्ष / अप्रत्यक्ष असर यस नगरलाइ समेत परेको कारण हामीले घोषणापत्रमा राखिएका, दीर्घकालिन सोचको रुपमा लिपिवद्ध गरिएका सवै नीति, योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न कठिनाइ भएको छ, त्यसको वावजुदपनि यस पटक हामीले शिक्षा, स्वास्थ्य,कृषी, खानेपानी, रोजगारीका क्षेत्रहरु जस्ता मानवीय आधारभुत आवश्यकतालाइ प्राथमिकतामा राखेका छौ । त्यस्तै पशु आहारको क्षेत्रमा, समग्र पक्षहरुको भौतिक पूर्वाधार विकासको क्षेत्र, वित्तीय संस्थासँग सम्बन्धित क्षेत्रहरुमामा समेत कार्यक्रमहरु संचालन गरिरहेका छौ। प्रशासनिक संयन्त्रको मुटु मानिने आर्थीक पाटो हालको अवस्थामा संकुचित हुदै गएको कर राजश्व र गैरकर राजश्वको भारमा भएको अन्तर र देशको आम्दानी र खर्चको प्रतिशतमा भएको लामो अन्तरको कारण पनि करको दायरा, देशको आर्थिक अवस्था जस्ता कुराले यस नगर समेत प्रभावित भइहरेको तथ्य यहाँहरु सवैमा सर्वविदितै छ ।

५. नेपालको संविधानको धारा ५६ ले राज्यको शासकीय स्वरुप तीन तहमा पूर्नसंरचनामा हुने र तीन तहका सरकारले सहशासन र स्वशासनको अवधारणा अनुसार स्रोत साधनको प्रवन्ध गरी विकासका कार्यक्रमहरु अगाडी वढाउनुपर्ने प्रावधान अनुसार कार्य अगाडि वढाइएको छ । स्थानीय सरकारका वजेटका श्रोतहरु मुलत **संघीय सरकारवाट प्राप्त वित्तिय समानिकरण अनुदान , राजश्व बाँडफाँड, विभिन्न शिर्षकमा प्राप्त हुने सशर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदान रकम रहने गर्दछ । साथै, प्रादेशिक सरकारवाट** प्राप्तहुने यस्तै प्रकृतिको रकम हाम्रो स्थानीय संचित कोषको प्रमुख आधार हो । आफ्नै स्रोतको राजश्व र गैर कर राजश्वको हिस्सा हाम्रो वजेटमा न्युन रहेको छ । स्थानीय राजश्व प्राप्ति र परिचालनको हिस्सा कम रहेको र सशर्त अनुदानको हिस्सा वढी भएको अवस्थामा स्थानीय स्तरमा हुने विभिन्न समस्याहरु समाधान गर्न कठिन रहेको परिपेक्षमा आगामी आ.व. मा सवै क्षेत्रमा समुचित एवं समन्यायीक हिसावले सम्वोधन गर्ने गरी वजेट तथा कार्यक्रमको तयारी गरिएको अवगत गराउदछु।

**आदरणीय नगरसभा सदस्यज्यूहरु**

अब म नगरपालिकाको विकासका सम्भावनाहरु र चुनौतीहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**नगरपालिकाको विकासका अवसर र सम्भावनाहरु:**

यस नगरपालिकाको सामाजिक, आर्थिक, वातावरणीय तथा भौगोलिक विशिष्ठताको कारण अवसर र सम्भावना धेरै रहेका छन् । यस नगरपालिका मा कृषि तथा पशुपालन एवम् कृषि उपजमा आधारित उद्योगको क्षेत्रमा प्रचुर संभावनाहरु रहेको छ। साथै वडा न ४,५,६,७,८ र ९ मा वढ्दो शहरीकरणले गर्दा सेवा क्षेत्रको विकास हुदै गएको छ ।

१. कृषि प्रणालीमा आधारित नगदेवाली तथा पशुपालन व्यवसायको विस्तार गरी रोजगारीको सिर्जना गर्न सकिने ।

२. कृषिजन्य उत्पादनमा आधारित उद्योग प्रवर्द्धन मार्फ़त नगरपालिकामा रोजगारी सृजना तथा आर्थिक विकासको प्रबल संभावना रहको छ ।

३. ठुलो वन क्षेत्रले ढाकिएको नगरपालिका भएकोले वन पैदावार तथा त्यसको भूमिको सदुपयोग गरी वनजन्य उत्पादनमा मूल्य शृंखला तथा आपूर्ति शृंखला मार्फ़त एवं विषादि र रासायनिक मलमुक्त उत्पादन गरी रोजगारी सृजना तथा आर्थिक विकासको प्रबल संभावना रहको छ ।

४. निर्माणाधीन तराई मधेश द्रुतमार्ग काठमाण्डु फास्ट track, निजगढ़ अंतर्राष्ट्रीय विमानस्थल तथा पूर्व पश्चिम रेलमार्ग निर्माण पश्चात निजगढ नगरपालिकालाई प्राप्त हुने लाभको लागि अहिले देखी नै पूर्व तयारी गरी लाभ लीन सकिने ।

५. नगरपालिका रहेको पर्यटकीय स्थलहरुको विकास गरी पर्यटनको प्रवर्द्धनको प्रचुर संभावना रहेको छ।

६. व्यवसायिक तथा गुणस्तरीय शिक्षण संस्थाको विकास गरी नगरपालिकालाई व्यवसायिक शैक्षिक केन्द्र बनाउन सकिने कार्यमा नगरपालिका, गै.स.स., सामुदायिक संघसंस्था तथा निजी क्षेत्रसँग सार्वजनिक निजी साझेदारी (Public Private Partnership, PPP) को अवधारणा अनुसार विकासमा समन्वयात्मक सहभागिता बढाउन सकिने अवसर रहेको छ । बहुप्राविधिक शिक्षालय स्थापना गरी थप शैक्षिक केन्द्रको रुपमा विकास गर्न सकिने छ ।

७. खेलपूर्वाधार र यसको संस्थागत विकास गरि खेलाडि उत्पादनको संस्थागत विकास गरी नगरको सर्वाङ्गिण विकासको आधार निर्माण गर्न सकिने ।

८. सहकारीको दरिलो आधारका रुपमा रहेको कृषि, दुग्ध, फलफूल खेती, नगदेवाली उत्पादनको प्रशस्त सम्भावना रहेकोले सामुदायिक परिचालनमा दक्षता देखाउन सकिने अवसरहरू रहेकोछ। साथै सहकारी मार्फ़त केरा तथा दुधमा आधारित उत्पादनको प्रवर्द्धन तथा बजारीकरण मार्फत आर्थिक विकासको सम्भावना रहेकोछ ।

९. करदाता शिक्षा प्रभावकारी तवरले सञ्चालन गरी नागरिकहरुले कर तिर्नुपर्ने दायित्व र नगर विकासको अन्तरसम्वन्धका वारेमा बोध गराउन सकेमा आन्तरिक आयमा वृध्दि हुने सम्भावना रहि आएको छ।

१०. राष्ट्रिय गौरवका आयोजनाहरुको संगम स्थल भएकोले व्यवस्थित एवं. प्रकृतीमैत्री हरियाली नगरको रुपमा विकास गर्न सकिने अवसरहरु रहेको ।

**नगरपालिकाको विकासका चुनौतिहरुः**

१. सिमित श्रोत साधनको बावजुद नेपालको संविधान, २०७२ ले निर्दिष्ट गरेका नीति एवं कार्यक्षेत्र तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्क्यौल गरेका कार्यक्षेत्रहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।

२. यस नगरपालिकामा ६ वटा खोलाहरु, तथा साना तिना गरि करिव १५ वटा खहरेहरु रहँदा पूर्वाधार विकासमा चूनौतीको सामना गर्नु परिरहेको ।

३. संघीय सरकारसँग बारम्वार माग गर्दा समेत **जग्गाको पुन: नापी** गर्न नसकिदा सिर्जित समस्याहरुको सामना गर्नु ।

४. लामो समयदेखि वसोवास भएपनि विविध संघीय कानुनी जटिलताका कारण समयमा जग्गा धनि पूर्जा वितरण गर्न नसक्नु ,

५. तीनवटै तहका सरकारहरुबीच आपसी समन्वय र सहकार्य नहुँदा वजेट विनियोजन,श्रोत अनुमान र कार्यान्वयमा चुनौती रहेको ।

६. संघीय सरकारबाट काम अनुसारको श्रोत साधनको व्यवस्थापन गर्न नसक्नु ,

७. नगरवासीको बढ्दो आकांक्षालाई संवोधन गर्नका लागि नगरपालिकाको आन्तरिक आयमा अपेक्षित वृद्धि गर्नु ।

८. स्मार्ट सिटि निर्माणमा संघ सरकारको तत्परतामा कमि देखिनु ।

**आदरणीय नगरसभा सदस्यज्यूहरुः**

**प्राथमिकताहरूः**

१. सामाजिक न्याय र समावेशीतालाई कार्यान्वयन गर्दै नगरवासीको मौलिक हकको रूपमा रहेका न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति सुनिश्चित गर्ने,

२. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ,

३. स्वच्छ खानेपानीमा सबै नगरबासीको सर्वसुलभ पहुँच,

४. दिगो र गुणस्तरीय पूर्वाधार विकास,

५. सर्वसुलभ, संस्कारयुक्त र गुणस्तरीय शिक्षाका लागि इसिडि र आधारभुत शैक्षिक गुणस्तरमा जोड,

६. रोजगारमूलक सीप विकास एवम् उद्यमशिलता प्रवर्धन,

७. कृषि क्षेत्रलाई क्रमिक रुपमा व्यवसायिक तर्फ उन्मुख गराउने

८. प्रशासनिक सुशासन कायम गर्दै सूचना प्रविधिमा आधारित सेवा प्रवाह र चुस्त एवम् दुरुस्त प्रशासन,

९. सामुदायिक वन तथा सरोकारवालाहरुको सहकार्यमा प्रकृतीमैत्री र दिगो विकासमा जोड दिने ,

१०. परम्परागत गोठेमललाई कम्पोष्ट मलमा परिणत गरी रासायनिक र विषादिमुक्त उत्पादनमा यूवा सहभागिता बढाउने ।

११. खेलकुद पूर्वाधारको विकास एवम् विद्यालयस्तर देखि खेलाडी उत्पादन, खेलकुदको संस्थागत विकासमा जोड दिने

१२. विकास योजना मार्फत जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा वृद्धि, स्थानीय स्रोत, साधन र सीपको अधिकतम सदुपयोग,

१३. जेष्ठ नागरिक, महिला, दलित, अपाङ्ग, आदिवासी, जनजाती, अल्पसंख्यक र बालबालिकालाई प्रत्यक्ष लाभ प्रदान,

१४. समावेशी र दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन,

१५. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि,

**आ.व. २०८२/०८३ मा नगरपालिकाले अवलम्वन गर्ने नीतिहरु देहाय अनुसार प्रस्ताव गरिएको छ ।**

"समृद्ध निजगढ नगर सुखी नगरवासी" मुख्य नाराका साथ निजगढ नगरपालिकाको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा मूलत: नेपालको वि.सं. २१०० को दिर्घकालिन लक्ष्य, सन् २०३० सम्मको दिगो विकास लक्ष्य, नेपाल सरकारको १६ औ पञ्चवर्षिय योजना, मधेश सरकारको दोस्रो आवधिक योजना तथा निजगढ नगरपालिकाको आवधिक योजनाको आधारपत्रको साथै संघ तथा प्रदेश सरकारले लिएको नीति तथा कार्यक्रम, स्थानीय निर्वाचनको क्रममा सबै राजनैतिक दलहरुले प्रतिवद्धता जनाई संकल्प गरेका महत्वपूर्ण साझा सवालहरु, स्थानीय सरकारको रुपमा राज्यको तर्फबाट पूरा गर्न लोककल्याणकारी अवधारणामा आधारित कार्यहरु, सामाजिक र आर्थिक एवं मानवीय सूचाङ्कका आधारमा पछाडि परेका वर्ग, समुदाय, क्षेत्र लगायत समग्र रुपमा नगरवासीको सर्वाङ्गीण विकासको अवधारणालाई आत्मसात गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ।

**नगर गौरवको आयोजनाहरू**

नगरपालिकाको सर्वाङ्गीण विकासमा दीर्घकालिन महत्त्व राखी नगरवासीको विकास र समृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्ने आयोजनाहरू:

१. नमूना माझि वस्ति निर्माण
२. शहिद हिरालाल रंगशाला निर्माण
३. वडा नं १२ जाने भक्तलाल खोलामा पक्की पुल
४. वसपार्क निर्माण
५. वडा नं १० १२, १३ को कालोपत्रे सडक निर्माण
६. स्थानीय उत्पादन संकलन तथा विक्री केन्द्र
७. वकैया खोलाको मोहोरीमा सिँचाई चेक ड्याम निर्माण
८. निजगढ नगरसभागृह निर्माण
९. जमूना खोल्सीदेखि वडा नं १ को टार्सी छोइलिङ्ग गुम्बा हुँदै वडा नं ४ को पर्वतनाथ महादेव सम्मको सडक निर्माण
१०. नगर प्रमुख पूर्वधार विकास कार्यक्रम (प्रत्येक वडामा ५०० मिटर कालोपत्रे गर्ने)
११. चिस्यान केन्द्र निर्माण
१२. पिपल – शक्ति (पिपलटारदेखि शक्तिखोलासम्म) पर्यटकीय पदमार्ग
१३. प्रत्येक वडामा एकीकृत स्वास्थ्य पार्क, जेष्ठ नागरिक भवन,बाल पार्क
१४. साविक निजगढ, सिगौंल र रतनपुरीमा कम्तिमा एक एक वटा उत्पादनदेखि उपभोक्तासम्मको (उत्पादन देखि खुद्रा बिक्रीसम्मको) शृङ्खलामा कृषि फर्म
१५. प्राकृतिक चिकित्सालय स्थापना

**क. शिक्षा (सभ्यताको आधार शिक्षा, साहित्य र कला संस्कृतीको विकास)**

१. "बिद्यालय उमेरका बाल बालिकालाई विद्यालय ल्याऊ पढाईमा लगाऔ" कार्यक्रमलाई थप प्रभावकारी बनाई विद्यालय उमेरका बालबालिकालाई कम्तिमा माध्यमिक तह पूरा गर्ने व्यवस्था मिलाईनेछ।
२. यस शैक्षिक सत्रदेखि कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रमको लागु गरिने छ।
३. नगर शिक्षाको सर्वाङ्गिण विकास र विपन्न समुदायको जीविकोपार्जनको लागि **युनाइटेड मिसन टु नेपाल**को सहकार्यलाइ निरन्तरता दिइने छ।
४. विज्ञान तथा प्राविधिक धारका शिक्षालयहरु सञ्चालनमा विशेष साझेदारि गरिने छ।
५. नगरपालिका भित्र संचालित एकमात्र सामुदायिक क्याम्पस; गौरी शंकर क्याम्पसको सर्वाङ्गिण विकासका लागि आवश्यक सहयोग सहकार्य तथा पहल गरिने छ।
६. गुणस्तरीय शिक्षाको लागि सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापकहरुसँग कार्यसम्पादन सम्झौता गरि सो को प्रभावकारी कार्यान्वयन गरिने छ।

७. विद्यार्थीसंख्या धेरै कम भएका विद्यालयका शिक्षकहरुलाई शिक्षक विद्यार्थी अनुपातको आधारमा दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यक्रम गरिएको छ ।

८. सिक्दै - कमाउ कार्यक्रमलाई निरन्तरता दिईने छ ।

९. नगरस्तरीय शैक्षिक कार्यदलको प्रतिवेदन एवं. नगरपालिकाको **पञ्चबर्षिय शैक्षिक विकास रणनीति** अनुरुप शैक्षिक विकासको कार्यक्रम अगाडि बढाईने छ।

१०. सामुदायिक विद्यालयको अतिरिक्त क्रियाकलाप तथा समग्र व्यवस्थापनको लागि अतिरिक्त क्रियाकलापहरु(स्काउट,तालिम, खेलकुद, हाजिरी जवाफ,बक्तृत्वकला, संङ्गित ,साहित्य) सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईने छ।

११. सामुदायिक विद्यालयहरु: विशेष गरी आधारभूत विद्यालयहरुमा समस्यामा रहेको शिक्षकको संख्यालाई समाधान गर्न स्वयं सेवक शिक्षक तथा बैकल्पिक व्यवस्था गरिनेछ।

१२. कक्षा ४ देखि कक्षा १० सम्मको सवै परीक्षालाई वैज्ञानिक एवम् गुणस्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापनको सुनिश्चितता गर्दै उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी, शिक्षक, प्र.अ. एवम् विद्यालयका लागि पुरस्कारको व्यवस्था गरिनेछ । कक्षा ५ र ८ को परीक्षा एकीकृत रूपमा संचालन गरीने कार्यलाई निरन्तरता दिईने छ । बिद्यालय शिक्षालाई थप प्रभावकारीताको लागि आवश्यकता अनुसार अतिरिक्त कक्षा संचालनको व्यवस्था मिलाईनेछ।

१३. उच्च तथा प्राविधिक शिक्षा अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराइने कार्यलाई निरन्तरता दिईने छ । बिद्यालय स्तरमा अध्ययनरत अति विपन्न र विपन्न दलितका लागि छात्रवृती कार्यक्रम सञ्चालन गरिने छ। सोका लागि **नगर छात्रवृति कोष स्थापना** गरी मापदण्ड बमोजिम कार्यान्वयनमा ल्याइने छ।

१४. विद्यार्थीको सर्वागींण विकासका लागि विद्यालय अतिरिक्त क्रियाकलाप एवम् खेलकुद क्रियाकलापमा विशेष जोड दिंदै विद्यालय तथा नगरपालिकास्तरीय कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। हरेक शुक्रवार व्यावहारिक सीप तथा ज्ञान अभिवृद्धि गर्न पुस्तक रहित शिक्षाको लागी आवश्यक अध्ययन गरिने छ।

१५. सामुदायिक एव संस्थागत विद्यालयहरुमा मनोसामाजिक परामर्श , ध्यान सिविरमा सहभागिता एव चौतर्फी विकासको लागि उत्प्रेरणात्मक कक्षा सञ्चालन गरिने छ।

१६. नगरक्षेत्र भित्र शैक्षिक संस्था सञ्चालनको अनुमति दिने प्रक्रियालाई व्यवस्थित र वैज्ञानिक बनाइनेछ। संस्थागत विधालयले दिनुपर्ने १०% छत्रबृत्तिलाई अनिवार्य गराउन आवश्यक व्यवस्था मिलाईनेछ।

१७. संविधानप्रदत्त अनिवार्य शिक्षाको अधिकार सुनिश्चित गर्न अपांगता भएका लगायत सबै बालबालिकालाई विद्यालय भर्नाको वातावरण सिर्जना गरी भर्ना गरिनेछ।

१८. विविध कारणवश विद्यालय शिक्षा पूरा गर्न नसकेका महिला वा अन्य सीमान्तकृत समुदाय लक्षित भई सञ्चालनमा रहेका वा स्थापना हुने सामुदायिक अध्ययन केन्द्र मार्फत खुलेका बैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गरिने छ ।

१९. अभिभावक विहीन बलबालिकालाई नगरपालिकाले अभिबावकत्व ग्रहण गरी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाईनेछ साथै. आर्थिक अवस्थाको कारण विचमा पढाइ छाडेका बिद्यार्थीहरूको तथ्यांक संकलन गरी शैक्षिक सामग्री अनुदान सहित निःशुल्क पढाईको सुनिश्चितता गरीनेछ।

२०. सामुदायिक विद्यालयका छात्राहरुका लागि नि:शुल्क स्यानिटरी प्याड वितरण कार्यलाई आगामी वर्षमा समेत निरन्तरता दिइनेछ । सेनिटरी प्याड डिस्पोजल मेशीन तथा vending machine को व्यवस्था गरी सुरक्षित व्यवस्थापन गरीनेछ। व्यक्तिगत स्वास्थ्य र सरसफाइका विविध पक्ष बारे किशोरीहरुलाई सु-सूचित गर्न स्यानिटरी प्याडको प्रयोग र व्यवस्थापनका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

२१. **"प्रकृती मानव केन्द्रित युवा विद्यार्थी कार्यक्रम"** सञ्चालनमा ल्याईने छ।

२२. शिक्षामा गुणस्तरीयताको लागि सुरु गरिएको निशुल्क एस. इ. इ. तयारी कक्षालाइ रचनात्मक कक्षा सञ्चालनको रुपमा कक्षा सञ्चालन गरिने छ । सो को लागि वजेटको व्यवस्था गरिने छ।

२३. सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई किशोरी आत्मरक्षा अन्तर्गत सञ्चालित कार्यक्रमलाई निरन्तरता दिइने छ।

**ख. स्वास्थ्य**

**" समृद्ध नगरको आधार, स्वास्थ्य क्षेत्रमा क्रमिक सुधार "**

१. प्राथमिक स्वास्थ्य केन्द्र (PHC) लाई नगर अस्पतालको रुपमा २४ सै घण्टा सञ्चालनमा ल्याइने छ। सो को लागि आवश्यक पूर्वाधार , जनशक्ति र स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन गर्न संघ तथा प्रदेशको सरकारसँग सहकार्य गरिने छ।

२. स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच र नागरिकको मौलिक हकको सुनिश्चित गर्न "मेयर घरदैलो स्वास्थ्य कार्यक्रम" **(Mayor Door to Door Health Service)** र "मेयर संग जेष्ठ नागरिक विशेषज्ञ स्वास्थ्य कार्यक्रम" लाई निरन्तरता दिइने छ।

३. निजगढ नगरवासीहरुलाई स्वस्थ तथा निरोगी तुल्याउन योग, ध्यान र प्राकृतिक चिकित्साको पद्धतिको अनुसरण गर्नको लागि प्रोत्साहित गरिने छ। प्राकृतिक चिकित्सा पद्धतिको स्थापनार्थ आवश्यक पहल गरिने छ।

४. महिलाहरुको प्रजनन् स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखि पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ्ग खस्ने समस्याको पहिचानका लागि वडा स्तरीय स्क्रिनिङ्ग गर्न "**उपप्रमुख महिला प्रजनन स्वास्थ्य प्रवर्द्धन कार्यक्रम**लाइ निरन्तरता दिइने छ "। साथै उक्त कार्यक्रमलाई विस्तार गरिने छ। हेलो आमा कार्यक्रमलाइ निरन्तरता दिइने छ।

५. मातृ तथा नवजात शिशु मृत्युदर न्यूनिकरण गर्न मातृ तथा नवजात शिशु स्याहार एवं उपचार सेवाको लागि "**उपप्रमुख सुत्केरी भेटघाट कार्यक्रम**" (PNC Visit) संचालन गरिनेछ। साथै, निजगढ नगरपालिका क्षेत्र भित्र रहेका सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थामा शिशु जन्माउने सुत्केरी महिलालाई दिँदै आएको संतुलित आहार खर्चको रु. १००० लाई निरन्तरता दिइने छ।

६. निजगढ वडा नं. २ को स्वास्थ्य चौकी निर्माण कार्य सम्पन्न गराई आवश्यक स्वास्थ्य सामाग्री व्यवस्थापन गरि प्रसुती सेवा सहित सञ्चालन गरिने छ।

७. स्वास्थ्य विमा कार्यक्रममा पँहुच विस्तार गरि व्यापक सहभागितामूलक वनाउन अति विपन्न ,सिमान्तकृत समुदाय, विपन्न दलित र लोपोन्मुख समुदायलाई विमाको प्रमियम शुल्कमा विशेष सहुलियत प्रदान गर्ने कार्यलाई निरन्तरता दिईने छ।

८. नगर अस्पताल र सामुदायमा आधारित प्रसूती गृहको सेवालाई merge गर्ने प्रक्रियालाइ अगाडि वढाउन सार्थक पहल गरिने छ । साथै, हाल PHC मा सञ्चालित सर्पदंश र प्रसुती सेवालाई थप प्रभावकारी रुपमा सञ्चालनलाई निरन्तरता दिईने छ।

९. नेपाल रेडक्रससंगको सहकार्यमा रगत आपूर्तीलाई सहज बनाउन blood bank लाई सञ्चालनमा ल्याई रगत संकलन अभियानलाई आवश्यक सहयोग र सहजीकरण गरिने छ ।

१०. नेपाल सरकारले समेत महत्वाकांक्षी कार्यक्रमको रुपमा अंगिकार गरेको क्षयरोग नियंत्रण कार्यक्रमलाई प्रभावकारी बनाउन निजगढ नगरपालिकालाइ "**क्षयरोग मुक्त नगरपालिका घोषणा**" अभियानलाई निरन्तरता दिई आवश्यक व्यवस्थापन गरीनेछ।

११. तिलगंगा आखा अस्पतालको समन्वयमा विद्यालय स्तरीय आखा परीक्षण सिविर सञ्चालनलाई निरन्तरता दिइने छ ।

१२. निजगढ नगरपालिकावाट निशुल्क वितरण गरिदै आएको औषधीमा बढाएर ११५ किसिमका औषधी वितरणलाई निरन्तरता दिईने छ ।

१३. आवश्यकता र भूगोलका आधारमा महिला स्वास्थ्य स्वयंसेविकाको संख्या थप गरिनेछ। महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रमलाई निरंतरता दिईनेछ।

१४. वडा नं. १३ मा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न गर्न आवश्यक समन्वय र सहजीकरण गरिने छ।

१५. गुणस्तरीय स्वास्थ्य सेवाको लागि ल्याव सेवा संचालनमा रहने छ। रतनपुरी स्वास्थ्य चौकीमा चिकित्सकबाट चेकजाँच सेवा दिने व्यवस्था गरिनेछ।

१६. महिला/बालवालिका/किशोर किशोरीहरुको पोषण अवस्था सुधार गर्न लक्षित समूह बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गरिने छ। साथै, पोषण सम्बन्धी जनचेतना जगाउने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१७. "विद्यालय स्वास्थ्य कार्यक्रम" मार्फत विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण तथा स्वास्थ्य प्रवर्द्धनात्मक कृयाकलापहरु संचालनलाई निरन्तरता दिइने छ ।

१८. संक्रमण रोग विरुद्ध अभियान र नसर्ने रोगको उपचारको लागि विशेष कार्यक्रम संचालन गरिनेछ । प्राणघातक, दिर्घ तथा घातक रोगका बिरामीहरुको उपचारमा आर्थिक विपन्नताको आधारमा विशेष सहयोग उपलब्ध गराइनेछ।

१९. आयूर्वेद औषधालयलाई सबलिकरण गरी आयुर्वेदका कृयाकलापलाई विस्तार गरिनेछ ।

२०. प्रत्येक विद्यालयलाई प्राथमिक उपचारको लागि किट बक्सको व्यवस्था गरिने छ ।

## ग. कृषि

**"कृषी जीवन निर्वाहको मूल आधार , कृषि कर्मबाट बनी स्वरोजगार "**

**"कृषिमा लगानी घरघरमा आम्दानी"**

१. निजगढ सिंगौल र रतनपुरी ब्लकमा कम्तिमा १/१ वटा उत्पादन देखि उपभोक्तासम्मको श्रृङ्खलामा व्यवसायिक कृषि फर्महरुसँग उत्पादन तथा वजारीकरणको लागि साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ ।

२. कृषि उत्पादन संकलन तथा बिक्री केन्द्र निर्माण गरिने छ । स्थानीय रुपमा उत्पादित तरकारी तथा फलफुल बिक्रीको लागि प्रत्येक ब्लकमा स्थानीय उत्पादन बिक्री केन्द्र निर्माण अभियानको प्रारम्भ गरिने छ ।

३. मुहान श्रोत भएका हाल सञ्चालनमा रहेका सतह सिँचाईको व्यवस्थापन तथा आवश्यक मर्मत सम्भार गरिने छ । वकैया, धन्सार र शक्ति खोलामा सम्भाव्यता अध्ययन गरी सिँचाई चेक ड्याम निर्माणको लागि पहल गरिने छ ।

४. **"स्थानीय उत्पादनको उपभोग गरौ स्थानीय उत्पादनलाई प्रोत्साहन गरौ"** भन्ने अभियान मार्फत कृषि उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गरिनेछ ।

५. रासायनिक मल तथा विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै स्वस्थ खाद्यान्न उत्पादनको लागि गैर रासायनिक मल तथा औषधी उत्पादन र प्रयोगमा विशेष जोड दिइने छ । सो को लागि सम्बन्धित पक्षसँग लागत साझेदारी गरिने छ ।

६. सतह तथा भूमिगत सिँचाइको सुविधा नभएका वा थोरै समयका लागि भएका जमिनहरुलाइ सुख्खा क्षेत्र घोषणा गरी फलफुल, जडिवुटि तथा मसला जन्य खेती गर्न चाहने कृषकहरुलाई प्रशिक्षण प्रविधि र विउ विजनमा लागत साझेदारी कार्यक्रमलाई निरन्तरता दिईने छ ।

७. माटोको प्राकृतिक उर्वर क्षमता संरक्षणका लागि नगरपालिकाको विभिन्न वडाहरुमा माटो परिक्षण शिविर सञ्चालन गरी आवश्यक मात्रामा कृषि चुन लगायतका सामाग्रीहरु वितरण गरिनेछ ।

८. चिस्यान केन्द्र र फलफुलको राइपनिङ्ग चैम्बर निर्माणको लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिने छ ।

९. दैनिक उपभोग्य खाधान्न वाली (धान) को विउ वितरणमा ५०% अनुदानको व्यवस्था निरन्तरता दिईनेछ ।

१०. यस नगरपालिका केराको ज़ोन घोषणा भएकोमा केरा कृषकहरुलाइ प्रोत्साहन गर्ने नीति लिइने छ । केरामा आधारित विभिन्न उत्पादनमुलक कार्यको लागि आवश्यकता अनुसार सहकार्य र साझेदारी गरिने छ ।

११. केराको थामबाट फाइवर, धागो तथा जैविक मल उत्पादन गर्ने कार्यको सुरुवात गरिएकोमा सोलाई निरन्तरता दिइने छ । यस कार्यमा दातृ निकाय तथा निजी क्षेत्रसंग साझेदारी गरी व्यावसायिक उत्पादनको लागी आवश्यक व्यवस्था मिलाईनेछ ।

१२. गोठेमललाई कम्पोष्ट मल बनाउने अभियान चलाइने छ । कृषक वा कृषक समूह वा सामूदायिक वनको साझेदारिमा मार्फत उक्त कार्य गरिने व्यवस्था मिलाईने छ ।

१३. कृषी पेशालाइ सम्मानित र मर्यादित पेशाको रुपमा स्थापित गर्न कृषक सम्मान कार्यक्रमको आवश्यक व्यवस्थापकीय कार्य गरिने छ ।

१४. वगर खेतीको सम्बन्धमा आवश्यक अनुसन्धनात्मक कार्य गरि परिक्षण खेतीको अभ्यास गरिने छ ।

## घ. पशु सेवा

१. राष्ट्रिय चरण तथा घाँस विकास कार्यक्रम सँगको सहकार्यमा पोषिलो घाँस उत्पादन गरि पशुपालनको लागत मूल्य कम गर्न आवश्यक कार्य गरिने छ ।

२. पशुपालन तर्फ व्यवसायिक फर्म प्रोत्साहन, साना पशुपालक कृषकहरुलाई गोठ सुधार, भकारो सुधार तथा खोर सुधार कार्यक्रममा एकल महिला, दलित समुदाय, गरिब तथा असहायलाई प्रोत्साहन गरिनेछ।

३. पशु दाना उत्पादन, घाँस उत्पादन , दुधको विविधिकरण सम्बन्धी उद्योग स्थापनालाई प्रोत्साहन गरिने छ।

४. गाईभैंसी, बाख्रा, पशुपंक्षी , मौरी पालन गर्ने किसान तथा व्यवसायिक कृषकहरुलाई आवश्यकता अनुसार नियमित रूपमा प्राविधिक सहयोग दिई क्षमता अभिवृद्धि गरिनेछ।

५. यस नगरपालिका भित्र रहेका पशुहरुको स्वस्थकर उत्पादनलाई मध्यनजर गरी मागमा आधारित स्वस्थकर र उन्नत जातका पशु नश्ल सुधारका लागि निःशुल्क कृत्रिम गर्भाधानको कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६. पशुहरुको शारिरीक बृद्धिका निमित्त मौसम अनुसारको पोसीलो घाँसको बिउ/बेर्ना वितरण, औषधि वितरण गरि पशुपालनमा लाग्ने लागत घटाई कृषकहरुको नाफामा बृद्धि गरि पशुपालन प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईने छ

७. स्थानीय दूध उत्पादन प्रोत्साहन स्वरुप सहकारीमा लगि दुध विक्रि गर्ने किसानहरुलाई दिदै आइरहेको प्रति लीटर रू.१ को अनुदानलाई निरन्तरता दिईने छ।

८. नगरपालिका भित्र तीन वटै क्लस्टरमा पशु स्वास्थ्य शिविर संचालन गरि पशु स्वास्थ्य तथा उत्पादनमा ह्रास ल्याउने अति सङ्क्रामक रोगहरु जस्तैः FMD, PPR,

९. LUMPY SKIN DISEASE विरुद्ध खोप लगाई समयमै रोकथाम गर्ने र रोग लागि विरामी भएका पशुहरुको रोग निदान तथा प्रभावकारी उपचारका निमित्त प्रयोगशाला सेवा निरन्तर रुपमा प्रदान गरिनेछ। साथै सबै वडाहरूमा पशु स्वास्थ्य शिविर संचालनलाई निरन्तरता दिईनेछ।

१०. "Rabies zero by 30" को अवधारणा अनुसार मानिसमा कुकुरको टोकाईबाट सर्ने रेविज रोगको रोकथामको लागि सामुदायिक कुकुरहरुको संख्या न्युनिकरण गर्न बन्ध्याकरण कार्यक्रम संचालन र रेविज रोग विरुद्ध खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ।

११. निजगढ खसी,बाख्रा वजारलाइ व्यवस्थित गरिदै लगिने छ, साथै अव्यवस्थित रुपमा संचालनमा रहेका बधशालालाइ आवश्यक बजेट विनियोजन गरी उपयुक्त स्थानमा स्थानान्तरण गर्दै व्यवस्थापन गरिने छ।

१२. दुध तथा मासुजन्य उद्योग स्थापना गर्न र सञ्चालन गर्न अन्य पक्षहरुसँगको सहकार्य समन्वय र साझेदारीतालाइ समेत हेरी प्रोत्साहनको कार्यक्रम ल्याइने छ।

**ङ. खानेपानी तथा सरसफाई** **"स्वस्च्छ खानेपानी, सरसफाइयुक्त आनिवानि"**

**" एक घर एक धारा, निरोगी हुनेछन नगरवासी सारा"**

१ नगरपालिका वडा नं ४ देखि ९ सम्मको क्षेत्रमा "**वृहत खानेपानी तथा सरसफाइ आयोजना**" लागु गर्नको लागि संघ सरकार र सम्बन्धित निकायसँग समन्वय, सहकार्य र साझेदारीलाई निरन्तरता दिईने छ।

२ आगामी २ वर्ष भित्र हरेक नगरवासीको घरमा "एक घर एक धारा" अभियान अन्तर्गत उपलब्ध गराउन विषेश गरि भरगञ्ज सिँगौल र रतनपुर क्षेत्रलाई प्राथमिकतामा राखि योजना तर्जुमा गरिने छ ।

३ वडा न.२ को निर्माणाधिन खानेपानी ओभरहेड ट्याङ्क समयमै सम्पन्न गराउन सम्बन्धित निकायमा सार्थक पहल गरिने छ।

४ निजगढ नगरपालिकाको विभिन्न वडाहरुमा निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरुलाइ व्यवस्थित रुपमा संचालन गर्नको लागि बनेका खानेपानी उपभोक्ता समितिहरुलाइ अद्यावधिक र एकीकृत को लागि आवश्यक कार्यको थालनी गरिने छ।

५ **"मेरो १० मिनेट वरिपरिको सरसफाईमा लगाउछू"** भन्ने अभियानलाइ टोलविकास संस्थाहरु, उपभोक्ता समितिहरु

६ लगायतका सरोकारवालाहरुको सहकार्य र साझेदारिमा टोल टोलमा सचेतनामुलक कार्यक्रमको प्रारम्भ गरिने छ।

७ निजगढ नगरपालिकको फोहोर व्यवस्थापनको लागि कार्यदल गठन गरि सम्बन्धित निकायसँग समन्वय र साझेदारि गरिने छ।

८ खानेपानी उपभोगमा प्रदान गरिदै आएको न्युनतम महशुलमा दिदै आइरहेको सहुलियतलाइ निरन्तरता दिइने छ। यद्यपी, यो कार्यक्रमले भविष्यमा निजगढ नगरपालिकाको आर्थिक दायित्व अत्याधिक बढ्ने देखिएकोले

आर्थिक रुपले सबल उपभोक्ताले न्यूनतम महसुल सम्बन्धी सुविधा नलिने गरि स्वघोषणा गराउने अभियानलाई अगाडि बढाईने छ।

९ नगरको उचित स्थानहरुमा सार्वजनिक शौचालय निर्माण कार्यलाई अगाडि बढाईने छ।

**च. रोजगार तर्फ**

"श्रमको सम्मान, समृद्धिको अभियान"

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारीहरूलाई न्युनतम १०० दिनको रोजगारी सुनिश्चित गर्न नगरपालिकाले आवश्यक म्याचिङ फण्ड समेत व्यवस्था गरि न्युनतम रोजगारी सुनिश्चित गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

२. नगरस्तरमा उत्पादनशिल रोजगार सिर्जना र श्रम बजारको माग अनुसारको सीपयुक्त जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न INGO सँगको साझेदारी र संघ र प्रदेशका सम्बन्धित निकायसँग आवश्यक पहल गरिने छ।

३. व्यवसायिक सीप विकास, रोजगार प्रवर्द्धन, उद्यमशीलता प्रवर्द्धन, आप्रवासन लगायतमा श्रम तथा रोजगार सम्बन्धी सेवा सुविधा एकिकृत रूपमा प्रवर्द्धन गर्न रोजगार सेवा केन्द्रलाई सुदृढिकरण गरिनेछ।

४. वैदेशिक रोजगारीबाट फर्किएका नगर भित्रका युवाहरूको सीप र क्षमताको उच्चतम उपयोग गरी स्थानीय स्तरमा नै उत्पादनमूलक कार्यमा लगाउन सरोकारवाला निकायहरूसँग समन्वय गर्नुका साथै वित्तीय पहुँच सुनिश्चित गर्न आवश्यक सहजिकरण गरिनेछ।

५. स्थानीय स्तरमा रहेका दक्ष जनशक्तिहरूको तथ्याङ्क अध्यावधिक गरी उनिहरूको सीपलाई बजारीकरण गर्न skills and Vacancy Bank को कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६. बैदेशिक रोजगारीको शिलशिलामा बैदेशीक रोजगारमा जाने व्यक्तिहरुको श्रम स्वीकृती र श्रम नविकरण सेवा लाई थप प्रभावकारी र लाभग्राही मैत्री बनाईने छ।

७. स्वदेशमै रोजगारीको अवसर प्रदान गर्नको लागि परम्परागत रुपमा सञ्चालित उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न प्रविधि सुधार र पुर्वाधार निर्माण जस्ता कार्यमा नगरपालिकाले विशेष सहयोग गर्नेछ।

८. सरकारी सेवामा लक्षित समूह तथा युवाहरुको आकर्षण बढाउन लोकसेवा, शिक्षासेवा, नेपाल प्रहरीको परीक्षा तयारी कक्षा संचालन गरीनेछ।

९. लघु उद्यम कार्यक्रम मार्फत बिपन्न तथा बेरोजगार युवाहरूको उद्यमशीलता प्रबर्द्धन कार्यक्रमलाई निरन्तरता दिईने छ।

१०. उपप्रमुख महिला उद्यमशील प्रवर्द्धन कार्यक्रमलाई उचित व्यवस्थापन गरी निरन्तरता दिइने छ।

११. स्थानीय उत्पादनको प्रवर्द्धन र श्रमवजार सम्मको पँहुचलाई सुनिश्चित गरि उद्यमशील वन्नका लागि कोशेली घर एवं Incubation Centre संचालनका लागि आवश्यक पहल गरिनेछ।

**छ. युवा तथा खेलकुद विकास तर्फ**

१. प्रत्येक बर्षको पौष महिनालाई नगर खेल महोत्सवको महिनाको रुपमा मनाईने छ। उक्त खेल महोत्सवमा नगरद्धारा आयोजना गरिने विभिन्न खेलकुदको आयोजना गरिने छ।

२. **नगर खेलकुद विकास समिति मार्फत** सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी खेलकुद पूर्वाधार निर्माण कार्यालाई प्राथमिकता दिइ तेक्वान्दो, फुटवल, एथ्लेटिक, भलिवल लगायकका खेलहरुको विकासका लागि नियमति प्रशिक्षण एव खेलकुदहरुको आयोजना गरिने छ। निजगढको खेल विकासको प्रारम्भिक चरणमा योगदान गर्ने व्यक्तित्वहरुको नाममा विभिन्न खेल पुरस्कारहरुको व्यवस्था गरिने छ।

३. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई थप व्यवस्थित गर्न आवश्यक कार्य गरिने छ।

४. नगरस्तरीय युवापरिषद गठन गरी युवाको सर्वाङ्गिण विकासको कार्यक्रम संचालन गरीनेछ।

५. **विकल स्मृति जुनियर फुटबल** आयोजनालाई निरन्तरता दिईने छ।

६. नेपाल प्रहरी, स्थानीय सामाजिक संघ संस्था लगायतसंगको सहकार्यमा निजगढलाई लागु औषध मुक्त नगरपालिका बनाउन जनचेतना जगाउने लगायतका कार्यक्रम संचालन गर्दै कुलतमा फसेका युवाहरुलाई उद्धारका लागि पुनर्स्थापना केन्द्र निर्माणमा सार्थक पहल गरिने छ। नगरभित्र रहेका **युवा क्लब तथा युवा समूहहरूलाई** सामाजिक स्वयंसेवा, विकास गतिविधि, उत्पादनमूलक कार्य, सकारात्मक सोचको विकास व्यायाम तथा योग अभ्यासमा परिचालन गरिनेछ।

७. माध्यमिक विद्यालयका छात्राहरूलाई सेल्फ डिफेन्सको **(आत्मरक्षा)** तालिमलाई निरन्तरता दिईने छ ।

८. खेलको संस्थागत विकासको लागि खेल प्रशिक्षकको व्यवस्था गरि ग्रासरुट लगायतका प्रशिक्षणमा विशेष जोड दिइने छ ।

९. शहिद हिरालाल रंगशाला र निजगढ ४ कछडियाटोलको खेलमैदानलाइलाइ राष्ट्रिय स्तरको रंगशाला तथा खेलकूद प्रशिक्षण केन्द्रको रूपमा विकास गर्ने कार्य अघि बढाइनेछ। साथै, नगरभरिका खेलमैदानहरुलाई स्तरोन्नती गरिने छ ।

१०. क्रिकेटको खेलको विकासको लागि नगरको उपयुक्त स्थानहरुमा क्रिकेट खेलमैदानहरुको पूर्वाधार निर्माण गरिने छ ।

११. नगर भित्रको चुरे क्षेत्रमा साहसिक खेलको सम्भाव्यता अध्ययन गरि निजि क्षेत्रसहितको साझेदारिमा **साहसिक खेलको प्रवर्द्धन कार्यक्रम** सुरुवात गरीनेछ ।

**ज. पर्यटन "नगर पर्यटन क्षेत्रको विकास, आयआर्जनको आधार"**

१. समग्र निजगढको पर्यटनको विकासको लागि **नगरस्तरीय पर्यटन गुरुयोजना निर्माण** गरी समग्र पर्यटन विकासको आधार तयार गरिने छ ।

२. नगरपालिकाभित्र रहेका ऐतिहासिक पर्वतनाथ महादेव मन्दिर लगायत विभिन्न धार्मिक स्थलहरुको सौन्दर्यकरण गरि धार्मिक पर्यटनलाई वढवा दिईने नीति लिईने छ ।

३. नमूना माझी वस्ती निर्माणलाई निरन्तरता दिदै माझी वस्तीका छानाहरुमा एकरुपता कायम गरि गेट निर्माण, ट्वाइलेट निर्माण लगायत आवश्यकता अनुसार सौन्दर्यकरण गरिने छ ।

४. नगर भित्रका पर्यटकिय क्षेत्रहरुको संग्क्षण, संम्वर्द्धन र प्रवर्द्धन गर्दै सो को उचित व्यवस्थानको लागि कानुनी प्रवन्ध गरिने छ ।

५. शहिद हिरालाल पार्क, मोहरी गणेशमान पार्क, शक्तिखोला झरना, सिंगौलको तिनकुने पार्क, सुके पोखरी, जातेकुना पोखरी, सामुदायिक वनमा निर्मित विभिन्न पार्कहरु, शीतल झरनालाई विशेष प्राकृतिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिदै थप व्यवस्थित वनाउन संघीय सरकार र प्रादेशिक सरकार संग सहकार्य गरिनेछ ।

६. निजगढ नगरपालिका वडा नं ३ पिपलटारदेखि निजगढ १३ मा रहेको शक्तिखोलाको क्षेत्रसम्म पैदलमार्गको रुपमा विकास गर्न सम्भाव्यता अध्ययन गरिने छ ।

७. वडा नं ८ मा अवस्थित सप्तऋषी धर्मशालादेखि उत्तरतर्फ पर्वतनाथ महादेवको मन्दिर हुँदै शहिद हिरालाल पार्क र मोहोरी गणेशमान पार्क जाने मार्गलाइ **पर्यटकीय मार्गको** रुपमा विकास गरिने छ ।

८. कछडिया संग्राहलय निर्माणलाई निरन्तरता दिईने छ, साथै तामाङ्ग कलाघर निर्माणको लागि आवश्यक कार्य गरिने छ ।

९. पर्यटन विकासको लागि कार्य गरिरहेका नीजि तथा साझेदार संस्थाहरुसँग आवश्यकता अनुसार सहकार्य र साझेदारि गरिने छ ।

**झ. सामाजिक सुरक्षा तथा घटना दर्ता**

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै जेष्ठ नागरिकहरुलाई नेपाल सरकारका विभिन्न निकायबाट नियमित तलब ,भत्ता, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा प्राप्त गरे वा नगरेको कुराको पहिचान गरि अभिलेखिकरण गरिने छ ।

२. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतनामूलक कार्यक्रम सबै वडाहरूमा सञ्चालन गरिनेछ ।

३. सूचना तथा प्रविधिको अधिकतम प्रयोग गरी सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी पहुँच अभिबृध्दि गर्न आवश्यक कार्य गरिने छ ।

४. अटिजम भएका बालबालिकाहरूको पहिचान गरी शिक्षा र स्वास्थ्यमा पहुँच सुनिश्चितता गराईने छ ।

५. विविध कारणले नागरिकता प्राप्त गर्न नसकेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न उमेर पुगेका वृद्ध वृद्धालाई नागरिकता बनाउन सम्बन्धित निकायमा पहल गरीनेछ, साथै नेपाल सरकारबाट सामाजिक सुरक्षा प्राप्त नहुने वृद्ध वृद्धालाई नगरपालिकाले दिने गरेको सामाजिक सुरक्षा भत्तालाई निरंन्तरता दिईनेछ।

**ञ. महिला, बालवालिका, ज्येष्ठ नागरिक तथा सामाजिक समावेशीकरण**

१. पछाडि परेका वर्ग तथा समुदायहरुको चौतर्फि हितलाई ध्यानमा राखि सामाजिक समावेशीकरण ऐन निर्माण गरि सो वर्ग समुदायलाई सामाजिक न्याय सहितको नगर विकासको मुल धारमा समावेश गराईने छ।

२. लैंगिकतामा आधारित सबै प्रकारका हिंसालाई दुरुत्साहन गर्न र हिंसा पीडित तथा प्रभावित महिला तथा किशोरीहरुलाई सहज तथा दिर्घकालिन पुनर्थापनाका कार्यक्रमलाई निरन्तरता दिईने छ।

३. "ज्येष्ठ नागरिकलाई सम्मान: सम्मानित ज्येष्ठ नागरिक हाम्रो अभियान" अन्तर्गत सबै ज्येष्ठ नागरिक संलग्न संस्थाहरुलाई सक्रिय बनाउदै **ज्येष्ठ नागरिक मिलन केन्द्र (दिवा सेवा केन्द्र) संचालन**, ज्येष्ठ नागरिक सम्मान तथा ज्ञान सीप हस्तान्तरणका कार्यक्रम संचालन गरिनेछ।

४. अपाङ्गता भएका नगरवासीलाई सहायक सामाग्री वितरणको कार्यक्रमलाई निरन्तरता दिईने छ। अपाङ्गता भएका व्यक्तिहरुको सम्मानित तथा सहज जीवनयापनका लागि परिवार तथा समुदाय सचेतिकरण कार्यक्रम तथा अपाङ्गता संरक्षण तथा सम्बर्धनका कार्यक्रमहरु संचालन गरिनेछ।

५. बालमैत्री स्थानीय शासन अवधारणाको अवलम्बनका साथै, कार्यान्वयन गर्दै निजगढ नगरपालिकामा बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ। तोकिएका सम्पूर्ण सूचकहरु पूरा गरी निजगढ नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक हुने समग्र पक्षको व्यवस्थापन गरिनेछ।

६. नगरक्षेत्रभित्र अवस्थित वालवालिकाहरुको वस्तुस्थिति विवरण तथा लगानी योजना वनाइ कार्यान्वयन गरिने छ।

७. बालश्रम न्यूनिकरण, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरको उद्दार तथा संरक्षण गर्नु साथै बालबिलकाहरुको सवाल बालबालिका नै जवाफ भन्ने नाराका साथ बालसमुह संस्थालाई सक्रिय बनाई बाल संरक्षण सम्वर्धन गर्नुका साथै बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरिनेछ।

८. नगरक्षेत्र भित्रका अभिभावकविहीन बालबालिकाहरुको अवस्थालाई मध्यनजर गर्दै उनीहरुको लागि वैकल्पिक व्यवस्था मिलाउन पहल गरिनेछ। जोखिममा परेका बालबालिकाहरुलाई तत्कालै उद्दार गरी संरक्षकत्व प्रदान गर्न निजगढ नगरपालिकामा बाल संरक्षण केन्द्रको स्थापना गर्न आवश्यक कार्य अघि बढाइनेछ।

९. बालक्लव तथा बालसञ्जालहरुको क्षमता विकास, आबद्धता, नेतृत्व बिकासका आवश्यक कार्यहरु गरिने छ।

१०. न्यायिक समितिबाट सम्पादन हुने कार्यको प्रभावकारिता अभिवृद्धिका लागि मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि, समुदायमा आधारित संस्थाहरुलाई अनुशिक्षण, प्रचारप्रसार र संस्थागत सुदृढिकरण गरी मेलमिलाप केन्द्र संचालनलाई निरन्तरता दिईने छ।

**ट. सहकारी**

१. सहकारी संस्थाहरुको क्षमता वृद्धी गर्न FIU, Pearls, MCI लगायतका तालिमहरुको सञ्चालनको व्यवस्था गरिने छ।।

२. सहकारी संस्थामा विद्यमान समस्या समाधान गर्न **कर्जा साख सूचना केन्द्र**को संभाव्यता अध्ययन गरि कार्यक्रम अगाड़ी बढ़ाईनेछ।

३. नगरक्षेत्रभित्रका सबै सहकारी संस्थाको अभिलेख अद्यावधिकरणका लागि वर्गिकृत रुपमा COPOMIS मा आधारित मासिक/चौमासिक/वार्षिक प्रतिवेदन प्रणाली लाई संस्थागत गरिनेछ।

४. नगर क्षेत्रभित्र रहेका सहकारी सस्थाहरुको सहयोग र समन्वयमा एक विशिष्टिकृत सहकारी संस्था स्थापनाको पहल गरिने छ। साथै, उक्त विशिष्टिकरण सहकारी संस्थासँगको सहकार्य र साझेदारीमा स्थानीय उत्पादन, विविधिकरण प्रसोधन र वजारीकरणको लागि आवश्यक कार्य गरिने छ।

५. उद्यमशीलता मार्फत आर्थिक विकास गर्न नगरभित्र रहेका सहकारी संस्थाहरुसंग वार्षिक योजना तथा कार्ययोजना बमोजिम उद्यमशीलता प्रवर्द्धन कार्यक्रममा साझेदारी गरिनेछ ।

६. कृषि उत्पादन मार्फत रोजगारी वृद्धि गर्न साना किसान तथा कृषि सहकारी संस्थाहरुसँग समन्वय र साझेदारी गरिने छ ।

७. सहकारी संस्थाहरुको नियमनको लागि आवश्यक व्यवस्था गरिने छ । नियमन पश्चात प्राप्त प्रतिवेदनको आधारमा आवश्यक कार्य गर्न आवश्यकता अनुसार रणनितिको तय गरिने छ ।

**ठ. भू-उपयोग**

१. भुउपयोग ऐन, २०७६ तथा भुउपयोग नियमावली, २०७९ अनुसार नगरपालिका भित्रका जग्गाको वर्गिकरण अनुसारको कित्ता नम्बर लगायत सम्पूर्ण प्रक्रिया पुरा गरिने छ ।

२. नगरक्षेत्र भित्रका सार्वजनिक पर्ति एवं नदी उकासको जग्गाको संरक्षण गरी सरकारी स्वामित्वमा रहेका जग्गा जमीनमा भएको अतिक्रमण बन्द गर्ने र संरक्षणको लागि आवश्यक कार्य गरिने छ ।

३. भूमिहीन सुकुम्वासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीको स्थायीरुपले समस्या समाधानका लागि यस अघि भएका जमिन नापजाँच कार्यलाई अनुमोदन गर्दै आवश्यक बजेट व्यवस्थापन गरी सोको विवरणहरुको कम्प्युटरमा प्रविष्टी भइसकेकोमा AB, BS, BD र अधुरो अपुरो जग्गा सम्वन्धी कार्यविधि अनुसार नै लामो समय देखि भोगचलन गर्दै आएको तर जग्गा धनी प्रमाण पूर्जा नपाएका नगरवासीहरुलाई जग्गा धनी प्रमाण पूर्जा वितरण गर्न राष्ट्रिय भूमि आयोगको समन्वयमा जग्गा धनी पूर्जा वितरणको व्यवस्था मिलाईने छ ।

४. भोग र नक्शा तथा क्षेत्रफल नमिलेको जग्गाको हकमा हालसाविक एवं पुन नापीका लागि सम्बन्धित निकायको समन्वयमा आवश्यक कार्य गरिने छ ।

५. कुलो, पैनीको संरक्षण र उपयोगमा जोड दिइने छ ।

**ड. गैर सरकारी संघ संस्था**

१. गैर सरकारी संस्थाहरुबाट नगरक्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्न नगरपालिकासँग सम्झौता गर्ने बजेट तथा कार्यक्रम नगरपालिकाबाट स्वीकृत गराउने र अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थानीय तहले तोके बमोजिम हुनेगरी कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिइने छ । साथै , गैहसरकारी र सामाजिक संघ संस्थाबाट माग भई आएका कार्यक्रम कार्यान्वयनका लागि लक्षित क्षेत्र समेट्न सक्ने प्रस्तावको कार्यान्वयनमा पहिलो प्राथमिकता दिइने छ ।

२. नगरपालिकाको समग्र समृद्धि र विकास हासिल गर्नका लागि शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार विकास र फोहोरमैला व्यवस्थापन लगायतका क्षेत्रहरूमा गैर सरकारी संस्थाहरुसँग हातेमालो गैहसरकारी संस्थाहरुसँग समन्वय गरिने छ ।

३. गै.स.स.बाट भएका कामको अनुगमनको प्रबन्ध मिलाईने तथा प्रगति समीक्षालाई अनिवार्य गराइनेछ ।

**ढ. पूर्वाधार विकास**

**१. प्रत्येक वडामा न्यूनतम ५०० मिटर कालोपत्रे गर्ने कार्यक्रम गत वर्षदेखि राखिएकोमा सो सँग सम्बन्धित पूर्व तयारीका सम्पूर्ण कार्य गरि यस आ.व. मा ६.५० किमि कालोपत्रे सडक निर्माण सम्पन्न गरिने छ ।**

२. **"हाम्रो नगर हाम्रो शान, स्मार्ट सिटि निर्माण हाम्रो अभियान"** भन्ने नारालाइ सार्थक वनाउन निजगढ नगरपालिका क्षेत्रभित्र सञ्चालित स्मार्ट सिटिका कार्यक्रमहरु सञ्चालन गर्न कार्यालय खोलि कार्यान्वयन गर्न सम्बन्धित निकायसँग पहल गरिने छ ।

३. नगरको व्यवस्थित पूर्वाधार निर्माणका लागि एकीकृत पूर्वाधार विकासको गुरुयोजना निर्माणको लागि राष्ट्रिय योझना आयोगसँग समन्वय गरिने छ ।

४. बसपार्क निर्माणको कार्यलाई समयमा निर्माण कार्य सुरु गर्न आवश्यकता अनुसार पहल गरिने छ ।

५. वडा नं. १२ को मक्लाल खोला, वडा नं. १० को लालखोला ,वडा नं ३ को वगरखोलामा नगरपालिकाको केन्द्रसँग जोड्न खोला, खहरेका पुल कल्भर्ट तथा भेन्टेज कज्वे निर्माणलाई उच्च प्राथमिकतामा राखिने छ।

६. नगरभित्रका नालाहरुमा ढक्कन राख्ने कार्यलाई क्रमिक रुपमा निरन्तरता दिईने छ।

७. वडा नं. १०, १२, १३ जोड्ने कालोपत्रे सडक निर्माणलाई प्राथमिकताका साथ राखि निर्माण कार्यलाई निरन्तरता दिईने छ।

८. निजगढ नगरपालिकाको प्रशासनिक भवनको तला थप गरि सेवा सुविधा विस्तारको लागि आवश्यक कार्य गरिने छ।

९. नगरपालिकाबाट विनियोजन भएका योजनाहरुको उपभोक्ता समिति मार्फत सम्झौता गरी कार्यान्वयन हुने सबै योजनाहरुमा कुल लागत अनुमानको २० प्रतिशत उपभोक्ता समितिको योगदान र नगरपालिकाको ८० प्रतिशत हुने गरि लागत साझेदारीमा गरिने कार्यलाई निरन्तरता दिइने छ।

१०. नगरभित्रका विभिन्न अधुरा सामुदायिक भवनहरुलाई प्राथमिकतामा राखि निर्माण सम्पन्न गर्न आवश्यकता अनुसार बजेटको व्यवस्था गर्न संघीय तथा प्रादेशिक सरकारहरुसँग समन्वय र सहजिकरण गरिने छ।

११. वडा नं. १ देखि वडा नं. ४ को पर्वतनाथ महादेव मन्दिरसम्मको सडक निर्माणलाई प्राथमिकतामा राखि निर्माणको लागि आवश्यक कार्य गरिने छ।

१२. साईड क्लियर भएको, विवाद नभएका, डिपिआर भएका, गुरुयोजना तयार भएका, सम्भाव्यता अध्ययन भएका योजनालाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ।

१३. नगर भित्र रहेका साघुँरा कल्भर्टहरुलाई क्रमिक रुपमा फराकिलो पार्न आवश्यक कार्य गरिने छ । पुराना फुटेका ढलानहरुलाई समुचित मर्मत गरिने छ।

१४. अति विपन्न परिवारको आवास निर्माण तथा मर्मतमा आवश्यक सहयोग र सहजीकरण गरिने छ।

१५. निर्माण आयोजनासँग सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना सञ्चालन गर्नु पुर्व योजना सञ्चालन सम्बन्धि विषयमा अनुशिक्षण गर्ने कार्यलाई निरंतरता दिईनेछ।

१६. नगरपालिकाबाट सडक विस्तार तथा निर्माणका क्रममा कुनै जग्गा धनीको नाममा रहेको जग्गा सडक विस्तार हुनु अघि मापदण्डको क्षेत्रफल भएपनि सो सडक निर्माण पछि उक्त जग्गाको मापदण्ड नपुग भएमा उक्त जग्गामा नक्सा पास गर्दा मापदण्डमा छुट दिईने नीति लिईने छ।

१७. नगरपालिका भित्र व्यवस्थित ढल तथा बर्षातको पानी नदीमा कटाउने नाला निर्माणको लागि सहरी खानेपानी तथा सरसफाई आयोजनासँग सहकार्य र साझेदारीमा गरिने छ ।

१८. सड़क पहुँच नपुगेका वस्तिहरूमा सड़क संजालको पहुँच सुनिश्चित गर्ने योजनालाई प्राथमिकता दिईनेछ,

१९. भवन शाखाको सेवालाई पूर्ण रुपमा सूचना प्रविधिमा आधारित गरी EBPS प्रणाली कार्यान्वयन गरिनेछ। साथै नक्सा पास सम्वन्धमा जनचेतना जगाई कुनै पनि घर, टहरा नक्सा पास गरेर मात्र बनाउने व्यवस्था गर्न आवश्यक कार्य गरिने छ।

२०. सरकारी भवन, विद्यालय, स्वास्थ्य भवन निर्माण गर्दा DPR मा नै **Re-charge pit, Rain Water, Harvesting** र बिरुवा रोप्ने कार्य समावेस गरी अनिवार्य रुपमा कार्यान्वयन गरिने छ।

२१. घर निर्माण सम्पन्न लिन आउँदा सेप्टी ट्याङ्की र सोकपीट निर्माण र फोहोर मैला बर्गीकरणका लागि कन्टेनर राखने नीति लिइनेछ।

२२. खानेपानी, सार्वजनिक शौचालय तथा फोहोर संकलन केन्द्रको व्यवस्था गरी बजार क्षेत्रलाई स्वच्छ, सफा हराभरा बनाईनेछ।

**ण. तथ्यांक व्यवस्थापन एवं सूचना प्रविधि तथा सञ्चार**

१. निजगढ नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रवर्धन गरिनेछ।

२. सूचना प्रणालीको अवलम्बन गर्दै सुशासनको व्यवस्था कायम गर्न नगरपालिकाको ICT Masterplan तर्जुमा गरिनेछ।

३. नगरपालिकाबाट भए गरेका गतिविधिहरु नगरबासी माझ चुस्त रुपमा प्रवाह गर्न नगरपालिकाको वेवसाईट, सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गरिने छ ।

४. उज्यालो नगर कार्यक्रम अन्तर्गत नगर क्षेत्रका मुख्य सडकमा रात्रिकालीन समयमा पनि आवागमनलाई सहज पार्न सडक बत्ती र यस नगरलाई सुरक्षित नगर बनाउन नगरका महत्वपूर्ण स्थानहरुमा सडक बत्ती टावर लाइट एवं सी.सी. क्यामेराको थप विस्तार गरिनेछ ।

फ. **बन, वातावरण तथा हरियाली प्रबर्धन :-**

१. जलवायु परिवर्तनको कारण बर्षात कम हुने अल्पवृष्टि/अतिवृष्टि र खण्ड वृष्टि (कम बर्षात) कारण खानेपानी र सिँचाई प्रयोजनका लागि निर्माण गरिएको डिप बोरिङ्गहरुको दीर्घकालिन उपयोगमा नकरात्मक प्रभाव पर्न नदिनका लागि चुरे तथा भावर क्षेत्रमा अभियानको रुपमा रिचार्ज पोखरी / सिँचाई पोखरी एवं **Rain of harvesting Dam** निर्माण गर्न आवश्यक सहयोग समन्वय र सहजीकरण गरिने छ ।

२. नविकरण नभएका सामुदायिक बन समूहहरुको वन कार्ययोजना नविकरणमा सघाउन आवश्यक कार्य गरिने छ । सामुदायिक बनका पदाधिकारीहरुको क्षमता विकास गरी वन संरक्षण, व्यवस्थापन तथा उपयोगलाई प्रभावकारी र पारदर्शी बनाईनेछ ।

३. सामुदायक वन , सामुदायिक बन उपभोक्ता महासंघ एवं. वनका विभिन्न निकायसँगको सहकार्य र साझेदारीमा वन क्षेत्रभित्रका खोलाहरुमा बास रोपन, कम्पोष्ट मल उत्पादन, **रिचार्ज पोखरी निर्माण एवं समृद्धिका लागि वन कार्यक्रम कार्यान्वयन** गरिने छ । साथै रिचार्ज पोखरिलाई अभियानको रुपमा अगाडि बढाईने छ ।

४. कछडीया सामुदायिक वन अन्तर्गत मझुवा क्षेत्रलाई पर्या-पर्यटनको रुपमा विकास गर्न आवश्यक अध्ययन गरिने छ ।

५. सामुदायिक वनसँगको सहकार्यमा बन पैदावारमा आधारित उद्यमशीलता प्रवर्द्धन, प्रांगारीक मल उत्पादन, उत्पादन कार्यक्रम, नर्सरी विकास र व्यवस्थापन तथा कार्ययोजना बमोजिम सामुदायिक विकास कार्यक्रम संचालन गरिनेछ । यस क्षेत्रमा पाईने जडिवुटिहरुको तथ्याङ्क संकलन गर्ने , सम्भावित जडिवुटिको खेती गर्ने प्रत्येक सामूदायिक वनमा फलफुल खेती जीवनोपयोगी विशेष जातका नमूना प्लट स्थापना गर्न प्रोत्साहित गरिने छ।

६. बन जंगल संरक्षण, डढेलो नियंत्रण, बन्यजन्तु संरक्षण, चोरी निकासी नियन्त्रण गर्न जनचेतना जगाउने तथा साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७. प्लाष्टिकको झोला प्रयोगलाई निरुत्साहित गर्दै विकल्पमा स्थानीय स्तरमा उत्पादन हुने वातावरणमैत्री फाइवर झोलालाइ प्रोत्साहन गरिने छ।

८. खोलाहरुको IEE गराई प्रचलित कानुनको मापदण्डमा रहि नदिजन्य पदार्थको सदुपयोग गरिने छ।

९. वन तथा वातावरण सम्बद्ध विभिन्न दिवसहरूमा वृक्षारोपण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

१०. निजगढ नगरपालिका क्षेत्रभित्रका सामूदायिक वनहरु मध्ये एक **उत्कृष्ट सामूदायिक वनलाई** पुरस्कृत गरिने छ।

**ब. विपद् /प्रकोप व्यवस्थापन**

१. आपतकालिन कार्य सञ्चालन केन्द्रको स्थापना गरि विपद सम्बन्धी पूर्व सूचना, विपदको चरण र विपद पश्चातको चरण समेतको कार्यलाई प्रभावकारी वनाउन आवश्यक कार्य गरिने छ।

२. पहिरो नियन्त्रण, खोला नियन्त्रण लगायत को विपद संग सम्बन्धित कार्य गर्न विभिन्न सरकारी निकायहरु, विभिन्न संघ संस्थाहरुहरु संग समेत सहकार्य र समन्वय गरि विपद ब्यबस्थापनको कार्य गरी जनधनको क्षति कम गर्दै क्षति पुगेकाको हकमा राहत प्रदान गरीनेछ।

३. बकैया,धन्सार, भमरा, भक्तलाल , लाल, बगर, शक्ति खोलाहरुमा आवश्यक तटबन्धन कार्यलाइ निरन्तरता दिइने छ। साथै, यस पालिका भित्र पर्ने खहरे समेतवाट हुने क्षती न्यूनिकरणका लागि राष्टपति चुरे संरक्षण तथा विकास कार्यालय, जलस्रोत तथा नदी व्यवस्थापन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिँचाई डिभिजन कार्यालयहरुसँग सहकार्य र समन्वय गरीने छ।

४. बर्षातको समयमा नगरपालिका क्षेत्र भित्र डुबानको समस्यालाई मध्यनजर गर्दै सो समस्या यथोचित रुपमा समाधान गर्न सहज ढंगले पानी निकासीका लागि सवै क्षेत्रहरुमा नाला व्यवस्थित गरिनेछ।

५. विपद्बाट प्रभावित जनताहरूलाई सुरक्षित उद्धार गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्ने आवश्यक पूर्व तयारी गरिनेछ। साथै विपद् सम्भाव्य स्थानहरूको पहिचान गरी पूर्वाधार निर्माण गरी जोखिम न्यूनीकरण गरिनेछ, आवश्यकता अनुसार विपद् सम्भाव्य बसोबासलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ।

६. विपद् जोखिम न्यूनीकरणको लागि अभ्यासहरू सञ्चालन गर्ने, सञ्चार प्रोटोकलहरू स्थापना गर्ने, र आवश्यक स्रोत र उपकरणहरूको उपलब्धता सुनिश्चित गरी सशस्त्र प्रहरी, नेपाल प्रहरी, नगर प्रहरी, स्काउट, नेपाल रेडक्रस लगायत संस्थाहरूसंग आवश्यक समन्वय गरि परिचालन गरिनेछ।

७. विपद् जोखिम, पूर्वतयारी उपायहरू, र उपयुक्त प्रतिक्रिया कार्यहरू बारे जनतालाई शिक्षित गर्न सचेतना सशस्त्र प्रहरी, नेपाल प्रहरी संगको सहकार्यमा अभियानहरू र प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरिनुका साथै सामुदायिक सहभागितालाई प्रोत्साहित गर्ने र स्थानीय विपद् व्यवस्थापन समितिहरू स्थापना गरिनेछ।

८. सुरक्षा संयन्त्र, सरोकारित पक्षहरूको समन्वय र सहकार्यमा विपद सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

९. अग्नी नियन्त्रण सम्बन्धमा कर्मचारी, विद्यार्थी, शिक्षक र टोल विकास समितिका पदाधिकारीहरूलाई तालिम दिने, आवश्यक उपकरण र स्रोतहरू उपलब्ध गराउने र आपतकालीन सेवा प्रदायकहरू बीच प्रभावकारी सञ्चार सञ्जाल स्थापना गर्ने । निजगढ स्थित सशस्त्र प्रहरीको बिपद व्यवस्थापन क्याम्प, नगर प्रहरी, नेपाल प्रहरी र सामुदायिक संस्थासँग सहकार्य अभिवृद्धि गरी नगरपालिकामा दमकल लगायत विपद व्यवस्थापनका लागि चाहिने उपकरणहरुको व्यवस्था मिलाईनेछ।

१०. विपद्पछिको पुनर्स्थापना र पुनर्निर्माणका लागि रणनीतिहरू स्थापना गर्दै, अस्थायी आश्रयको व्यवस्था, स्वास्थ्य सेवामा पहुँच, र प्रभावित समुदायहरूको लागि आवश्यक समन्वय, सहकार्य गरिने छ ।

११. नगरपालिका क्षेत्र भित्र विपद लगायत साना तिना मर्मत सम्भारका कार्यमा तत्काल सहयोग पुर्याउन **Rapid Response Program** (RRP) लाई प्रभावकारी बनाइनेछ।

**भ. संस्थागत विकास एवम् सुशासन**

1. नगरको सेवा प्रवाहलाई छिटो छरितो बनाउन गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण (o & M) बमोजिम कर्मचारीको व्यवस्थापन गरिने छ । कर्मचारीहरुको पद,योग्यता,दक्षता बमोजिम कर्मचारीहरुलाइ जिम्मेवारी प्रदान गरिने छ ।
2. वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवाहरुलाई थप व्यवस्थित बनाउन वडा सचिवहरुलाइ सेवा प्रवाह सम्बन्धि तालिमको व्यवस्था गरिने छ ।
3. यस नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमा काम सम्पन्न गरी उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने संस्कृतिको विकास गर्न नगर कार्यपालिकाको कार्यालय, निजगढ तथा मातहतका वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई कार्यबोझ र कार्यप्रकृतिको आधारमा सुविधा मापदण्ड बनाई प्रोत्साहित गरिनेछ ।
4. नगरपालिकाको समग्र खरिद व्यवस्थापनलाई पारदर्शी, प्रतिस्पर्धी, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउन वार्षिक खरिद योजना र विकास कार्यक्रम कार्यान्वयन गर्न सबै प्रकारका खरिदलाई एकीकृत प्रणाली मार्फत खरिद गर्ने व्यवस्था मिलाइने छ । खरिद प्रक्रियाको लागि गठन भएको खरिद इकाइबाट मात्र खरिद गरिने व्यवस्था गरिने छ । सो का लागि खरिद इकाइलाइ थप व्यवस्थित गरिने छ ।
5. नगरपालिकाले कार्यविधिले तोकेको सूचकहरु पुरा हुने गरी स्व-मूल्याङ्कन, स्थानीय आर्थिक विकास मूल्याङ्कन , वित्तीय जोखिम न्यूनिकरण लगायतका परिक्षणहरू अनुरुप नगरपालिकाको काम कार्बाहीलाई संचालन गरिने छ ।
6. विगत वर्षहरुदेखि जिम्मेवारी सर्दै आएका बेरुजुहरुको अद्यावधिक गरी बेरुजु फछ्यौंट कार्यलाई तीव्रता दिइनेछ ।
7. करार सेवामा कार्यरत कर्मचारीहरुको तलव सुविधा समायोजन गरिनुको साथै क्रमिक रुपमा सामाजिक सुरक्षा कोषमा आबद्ध गरीनेछ ।

**म. राजश्व परिचालन**

1. नगरपालिकाको आन्तरिक राजश्व वृद्धि गर्न विशेषज्ञ लगायतका सरोकारवाला निकायहरूको सहभागिता र समन्वयमा आन्तरिक राजश्व वृद्धि गर्न आवश्यक अध्ययन गरिने छ।
2. नगरपालिकाको आन्तरिक श्रोतको दिगो व्यवस्थापनको लागि करको दायरा र क्षेत्र विस्तार गरिनेछ। यसको लागि करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। साथै वडास्तरमा टोल विकास समितिसँग समन्वय गरी कर सङ्कलन अभियान सञ्चालन गरिनेछ।
3. सेवाग्राहिलाई राजश्व दाखिला गर्ने कार्यलाई छिटो छरितो झन्झटमुक्त गराउन अनलाईन पेमेन्ट सेवालाई कार्यान्वयनमा ल्याउन आवश्यक कार्य गरिने छ।
4. नगरपालिकाबाट निकासी हुने माटो, बालुवा लगायतका प्राकृतिक श्रोतहरू र कवाडीजन्य वस्तुहरूको संकलन तथा निकासी कर लाई प्रभावकारी र पारदर्शी बनाईनेछ।
5. राजश्व चुहावटमा नियन्त्रण, प्रभावकारी लेखा, जिन्सी तथा योजना व्यवस्थापनको लागि विद्युतीय सूचना प्रणालीमा आधारित बनाइनेछ।
6. विभिन्न व्यवसाय सञ्चालन गरी हालसम्म व्यवसाय दर्ता नगरेका व्यवसायीहरूलाई व्यवसाय दर्ता गर्न आग्रमा प्रोत्साहित गर्न यस आ.व. को पहिलो तीन महिनासम्म व्यवसाय दर्ता तथा सुचीकृत दस्तुर मात्र लिईने व्यवस्था गरिने छ।

**य. योजना कार्यान्वयन एवं अनुगमन तथा मूल्याङ्कन :-**

१. यस नगरको नीति तथा कार्यक्रम र बजेट अन्तर्गत सञ्चालन हुने सम्पूर्ण योजना तथा कार्यक्रमहरूलाई परिणाममुखी वनाउन एवं समयमै सञ्चालनको लागि **नगर प्रमुखको संयोजकत्वमा योजना कार्यान्वयन को प्राथमिकता निर्धारण तथा अनुगमन समितिको** निर्माण गरिने छ।
२. स्थानीय उपभोक्ता समितिसंग कम क्षमता हुने, heavy मेसिनरी औजार प्रयोग निर्माण सम्बन्धी कार्यहरूलाई ठेक्का व्यवस्थापन मार्फत निर्माण कार्य गर्नुपर्ने आयोजनाहरुको खरीद योजना, लागत अनुमान तयारी, बोलपत्र तयारी तथा ठेक्का व्यवस्थापनको कार्यहरू समयमा निर्माण कार्य सम्पन्न गरीनेछ।
३. शिक्षा , स्वास्थ्य , कृषि जस्था क्षेत्रहरुको कार्य प्रभावकारिता वृद्धि गर्न नियमित अनुगमन गरीनेछ।
४. नगरभित्र रहेका प्रदेश तथा संघीय सरकारका निकाय, नगरपालिका तथा गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनामा साझेदारीमा गर्न सम्बन्धित निकायहरुसँग सहकार्य गरिनेछ।
५. नगरपालिकामा सञ्चालित कार्यक्रमहरुको प्रभावकारीता सम्बन्धमा सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई गरिने छ।

**ल. नागरिक सहभागिता तथा पारदर्शिता**

१. यस नगरपालिका अन्तर्गत बसोबास गर्ने विभिन्न क्षेत्रमा विज्ञता प्राप्त व्यक्तित्वहरूको पहिचान गरी उनीहरूको ज्ञान, सिप, क्षमता र अनुभवलाई नगरपालिकाको सर्वाङ्गीण विकासमा पूर्ण उपयोगको लागि विज्ञ समूह गठन गरिनेछ।
२. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने विकास योजनाहरूमा उपभोक्ताको लगानी न्यूनतम बीस प्रतिशत कायम गरिनेछ। पर्यटन विकासको लागि होमस्टे सञ्चालन तथा पूर्वाधार निर्माण गर्न इच्छूक लाभग्राहो र नगरपालिका बिच साझेदारी गरिनेछ।
३. नगरपालिका र सबै वडा कार्यालयहरूमा डिजिटल नागरिक वडापत्र व्यवस्था गरिनेछ। सेवा प्रवाहमा नागरिकको अधिकतम सहभागिता सुनिश्चित गरिने छ।
४. उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई प्रोत्साहन गरी उपभोक्ता प्रशिक्षणमा प्रशिक्षकको रूपमा आमंत्रण गरिनेछ।
५. सार्वजनिक सरोकारका महत्वपूर्ण विषयलाई बृहत नगर सम्वाद सुरुवात गरिनेछ।

**व. सवारी नियमन**

१. निजगढ र कोहल्वी बीच सार्वजनिक यातायात संचालनको लागि निजी क्षेत्र संग आवश्यक सहजीकरण गरीनेछ।

२. नगरक्षेत्रमा सञ्चालन हुने सडक यातायातका साधन कानून बमोजिम रुट परमिट जारी, खारेज गर्ने, वैज्ञानिक भाडा दर तोक्ने कार्यलाई अगाडी बढाइनेछ ।

३. अव्यवस्थित पार्किङलाई व्यवस्थित गर्ने कार्यलाइ थप महत्व दिइने छ । व्यवस्थित पार्किङग निर्माणको लागि संघीय एंव प्रादेशिक सरकारसँग समन्वय गरिने छ ।

४. नगर प्रहरी र नेपाल प्रहरीको सहकार्यमा ट्राफिक नियमबारे जनचेतना अभिवृद्धि गराइनेछ र ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । ट्राफिक प्रहरीसँग समन्वय गरी नगरपालिकाभित्रका चोक तथा सडकहरूमा ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।

५. नगरपालिकाको सबै वडाहरूमा सार्वजनिक सेवाको पहुँच सुनिश्चित गर्न यातायात व्यवसायीहरूसँग समन्वय गरी सार्वजनिक यातायात सुनिश्चित गरिनेछ ।

**घ. सार्वजनिक, निजी, सामुदायिक, साझेदारी**

सार्वजनिक निजी साझेदारी र जनसहभागिता बिना विकासका कार्यहरुले आशातित रुपमा छिटो फड्को मार्न नसक्ने भएकोले सार्वजनिक निजी साझेदारी PPP एवं जनसहभागिता मार्फत नगर विकासको लागि ठूलो पूँजिको स्रोत र साधन जुट्ने भएकोले नीति, कार्यक्रम तथा बजेटको लागि आधारशिलाको रुपमा लिइएको छ ।

१. नगर विकास कोषसँग सहकार्य गरी ठुला खालका व्यवसायिक भवन निर्माणका लागि सहकार्य गरिने छ ।

२. नगरपालिकाले सार्वजनिक शौचालय, पार्क, लाईब्रेरी,साहसिक खेल संरचना जस्ता सेवामूलक संरचनाहरु बनाउँदा सार्वजनिक निजी सामुदायिक साझेदारी अवधारणमा आधारित भएर कार्य अगाडि बढाउनेछ ।

**ग. कला, संस्कृति तथा सम्पदा**

१. **भाषा,साहित्य,कला तथा संस्कृति प्रतिष्ठान मार्फत** नगरपालिका क्षेत्रभित्रको भाषा साहित्य कला तथा संस्कृतिको संरक्षण संवर्द्धन र विकास गरिने छ । साथै, सरोकारवाला निकायहरूसंगको साझेदारीमा नियमित संगीत तथा कला प्रशिक्षणको कार्यक्रम राखीनेछ ।

२. निजगढ नगरपालिका क्षेत्र भित्र रहेका मन्दिर, गुम्बा, मस्जिद जस्ता धार्मिक स्थलहरुको संरक्षण र प्रबर्द्धन गर्ने नीति लिइएको छ ।

३. निजगढ नगरको भूमिपुत्रको रुपमा रहेका कछडिया समुदायको ऐतिहासिकता झल्काउन निर्माणाधिन कछडिया संग्राहलय र तामाङ्ग समुदायको भेषभुषा, भाषा ,कला तथा सस्कृति झल्किने गरी तामाङ्ग कला घर (Tamang Cultural House) को निर्माणको लागि आवश्यक कार्य गरिने छ । यसका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिने छ ।

**क्ष. कानून तथा न्याय**

१. स्थानीय तहहरुबीच एक अर्काको अनुभव र असल अभ्यासको साटासाट गर्न प्रदेश स्तरीय न्यायीक समिति सम्मेलनको आयोजना गरिने छ ।

२. न्यायिक समिति अन्तर्गत गठन भएका वडा नं. **१ देखि वडा नं. १३** का मेलमिलापकर्ताहरुलाई मेलमिलाप सम्बन्धि **४८ घण्टाको** तालिम संचालन गरिनेछ |साथै, कार्यविधिमा उल्लेखित अनुसारको सेवा सुविधा उपलब्ध गराइने छ ।

३. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ को (१) र (२) बमोजिम दर्ता हुने मुद्दा तथा सो को प्रक्रिया बारे कार्यपालिका सदस्य, वडा प्रतिनिधि, कर्मचारी, मेलमिलाप समितिलाई निजगढ नगरपालिका **न्यायिक निर्देशिका ऐन, २०७५,** लगायत नगरपालिकाका ऐन, नियम तथा कार्यविधि सम्बन्धी पुनर्ताजकीकरण कानूनी कार्यक्रम संचालन गरिनेछ |

४. महिला, बालबालिका, अपाङ्गता भएका तथा जेष्ठ नागरिकहरुलाई विचाराधीन मुद्दाको रोहमा तत्काल आवश्यक परे उद्दारको व्यवस्था गरि, उद्दार कोषको व्यवस्था गरिनेछ |

५. न्यायिक समितिका पदाधिकारी र कार्यरत कर्मचारीहरुको कानुनी क्षमता बिकासका लागि तालिमको व्यवस्था गरिनेछ |

६. हाल सम्म पारित भएका ऐन, नियम, निर्देशिका र कार्यविधिहरुलाई जनभावना, कार्यअनुभव, सिकाइ प्रयोग र समय सापेक्ष परिमार्जन एवं संशोधन गर्दै कार्य सम्पादनमा सहजता प्रदान गरिनेछ । साथै, आवश्यकता अनुसारका नयाँ ऐन, नियमावली, निर्देशिका र कार्यविधि समेत निर्माण गरिनेछ ।

**त्र. आर्थिक प्रशासन सञ्चालन**

१. आर्थिक प्रशासन सञ्चालन सम्बन्धी गतिविधिहरूलाई विद्युतीय सूचना प्रणालीमा आवद्ध गरिनेछ।

२. आर्थिक प्रशासन सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली लगायत अन्य प्रचलित कानूनहरू बमोजिम सञ्चालन गरी पारदर्शीता, मितव्ययिता, प्रभावकारीता, औचित्यता र जवाफदेहिता अभिवृद्धि गरिनेछ।

३. **चालु खर्चलाई नियन्त्रण गरी वाञ्छित सीमाभित्र** राख्दै पूँजीगत खर्चको प्रभावकारिता अभिवृद्धि गरिनेछ ।

**ज्ञ. आन्तरिक नियन्त्रण तथा वित्तीय जोखिम न्यूनीकरण**

1. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परीक्षण र कर परीक्षण कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
2. अनुत्पादक खर्चलाई कटौती गरी चालु खर्चमा मितव्ययिता कायम गरिनेछ ।
3. कार्यालयको खर्चमा मितव्ययिता र पारदर्शिता कायम राख्न सबै विषय क्षेत्र समेट्ने गरि आन्तरिक नियन्त्रण निर्देशिका तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरीनेछ ।
4. आर्थिक प्रशासन सम्बन्धि बिद्यमान ऐन, नियम, मापदण्ड तथा कार्यविधिको पालनालाई प्रभावकारी बनाई आर्थिक अनुशासन कायम गर्दै वित्तिय जोखिम न्युनिकरण गरिनेछ ।
5. कार्यक्रम तथा खर्च सम्बन्धी एकिकृत मापदण्ड तयार गरी आर्थिक अनुशासन एवं पारदर्शिता प्रवर्द्धन गरिनेछ ।
6. आन्तरिक लेखापरिक्षणको स्वतन्त्रता कायम राख्दै आन्तरिक लेखापरिक्षणलाई प्रभावकारी वस्तुगत र यथार्थपरक बनाईनेछ ।
7. आन्तरिक लेखापरिक्षणले औल्याएका वेरुजुलाई अन्तिम लेखापरिक्षण हुनु अगावै फछर्यौट गर्ने प्रभावकारी संयन्त्रको व्यवस्था गर्दै सम्बन्धित जिम्मेवारी पदाधिकारी/संस्थालाई जवाफदेही बनाईनेछ ।

**विविध :**

१. निजगढ नगरपालिकाको स्थापना दिवसलाई महत्वपूर्ण दिवसको रुपमा मानी वैशाख २५ गते नगरपालिका स्थापना दिवस मनाउन यसै आ.व.देखि सुरु गरिने छ । नगर स्थापना दिवसमा निजगढ निर्माणका लागि र निजगढलाई चिनाउनका लागि विविध विधामा योगदान गर्नुहुने व्यक्तित्वहरु र नगरका विभिन्न तहमा रहेर अध्ययन गर्ने (SEE, +२ , क्याम्पस टप ) लगायतका विधामा सम्मान कार्यक्रम आयोजना गरिने छ ।

२. नगरका मुल सडक तथा विभिन्न चोकहरुमा सि.सि. क्यामेरा जडान गरिने छ । साथै, आवश्यकता अनुसार सोलार वत्ति हाइ मास्क लाइट जडान गरिने छ ।

३. निजगढमा विद्युतिय सव स्टेशन निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिने छ । सडकको विचमा तथा भौतिक संरचनाको माथि परेका विद्युतिय संरचना व्यवस्थापन कार्यलाइ निरन्तरता दिइने छ ।

४. नगर उद्योग वाणिज्य संघको सहकार्यमा निजगढ महोत्सव आयोजनालाइ निरन्तरता दिइने छ ।

५. नगरभित्र मोबाइल नेटवर्किङ्गको सहजताको लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

६. निर्माणाधिन तराई मधेश द्रुतमार्ग, प्रस्तावित दोश्रो अन्तराष्ट्रिय विमानस्थल, पूर्व पश्चिम रेलमार्ग र उत्तर दक्षिण रेलमार्गको संयुक्त स्टेशनको संगम स्थलको रुपमा विकास गर्ने नेपाल सरकारको योजनालाई छिटो रुपमा सम्पन्न गर्नको निमित्त स्थानीय सरकारको रुपमा सहकार्य समन्वय र आवश्यक सहयोग गरी समयमानै सम्पन्न गर्न पहल गरिने छ ।

७. तराई मधेश द्रुतमार्ग निर्माण आयोजनाबाट यस नगरको विभिन्न क्षेत्रहरुमा भईरहेको कार्यहरु जस्तो नदी नियन्त्रण , सिँचाई तथा सीप विकासका विभिन्न तालिमहरुलाइ लगायतका क्षेत्रमा सहयोग र सहकार्य हुदै आएकोमा सो कार्यलाई थप प्रभावकारीताका साथ निरन्तरता दिन सार्थक पहल गरिने छ ।

८. नगर भित्रका सञ्चार माध्यम तथा सञ्चारकर्मीहरुको क्षमता अभिबृद्धीको लागि आवश्यक सहजीकरण तथा तालिमको व्यवस्था गरिने छ ।

९. सञ्चार बाटिका निर्माणका लागि आवश्यक कार्य अगाडि बढाईने छ।

१०. सरोकारवालाहरुको सहकार्यमा नगर भित्रका हाट बजारहरुलाई व्यवस्थित गरिने छ।

११. अटोपार्क व्यवस्थापन एवं भाडादर कायम गर्ने कार्य अगाडि बढाईने छ।

१२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको गौरवको प्रतिकको रुपमा गणतन्त्र स्तम्भ निर्माण कार्य अगाडि बढाइने छ।

१३. राजमार्ग स्थित विभिन्न स्थानमा केरा बिक्री स्टल निर्माण प्रारम्भ गरिने छ।

यस नगरपालिकाको नीति, तथा कार्यक्रम तयार गर्न महत्वपूर्ण योगदान दिनुहुने जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलहरु, विभिन्न सामाजिक संघ संस्थाका पदाधिकारीहरू, टोल विकास समिति तथा उपभोक्ता समितिका पदाधिकारीहरु, सहकारी संस्थाहरूको पदाधिकारीहरू, सामुदायिक बन उपभोक्ता समितिका पदाधिकारीहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक, संस्थागत विद्यालयका प्रतिनिधिहरू, शिक्षाविद्हरू, नगरवासीहरु, विज्ञ सल्लाहकारहरु, सम्पूर्ण कर्मचारी साथीहरु लगायत प्रत्यक्ष / अपत्यक्ष रुपमा सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

यस नीति तथा कार्यक्रम कार्यन्वयनका लागि संघीय र प्रदेश सरकार, राजनीतिक दलहरु, निर्वाचित जनप्रतिनिधिहरु, अन्य सम्बन्धित निकायहरु, नगरवासीहरु तथा सम्पूर्ण कर्मचारी साथीहरुबाट पूर्णरुपमा सहयोग प्राप्त हुने विश्वास लिएको छु।

**सुरथ पुरी**
**नगर प्रमुख**